आज मिति २०८१ मंसीर १४ गते बिहान ११:०० बजे नगराईन नगरपालिकाको सभा कक्ष (राजेश्वर निधि मा.वि.नगराईन-२) मा नगरपालिकाका नगर प्रमुख श्री विनय कुमार यादवज्युको अध्यक्षता एवम् निम्न उपस्थितिमा बाह्रौं नगर सभाको तेस्रो बैठक बस्यो ।

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री विनय कुमार यादव | नगर कार्यपालिका | |
| २ | उपप्रमुख | श्री राधा देवी यादव | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम महतो | वडा नं. १ | |
| ४ | महिला सदस्य | श्री सिकिलिया देवी | वडा नं. १ | |
| ५ | द.म.सदस्य | श्री थोलिया देवी | वडा नं. १ | |
| ६ | सदस्य | श्री तैयब साफी धोबी | वडा नं. १ | |
| ७ | सदस्य | श्री बिक्रम ठाकुर | वडा नं. १ | |
| ८ | का.वा.वडा अध्यक्ष | श्री रामपरि देवी मण्डल | वडा नं. २ | |
| ९ | द.म.सदस्य | श्री मलेक्षिया देवी सादा | वडा नं. २ | |
| १० | सदस्य | श्री प्रदिप कुमार चौधरी | वडा नं. २ | |
| ११ | सदस्य | श्री राम भरोस यादव | वडा नं. २ | |
| १२ | वडा अध्यक्ष | श्री पल्टु साह तेली | वडा नं. ३ | |
| १३ | महिला सदस्य | श्री पवित्री देवी साह | वडा नं. ३ | |
| १४ | द.म.सदस्य | श्री बनारसी देवी | वडा नं. ३ | |
| १५ | सदस्य | श्री भोला साह तेली | वडा नं. ३ | |
| १६ | सदस्य | श्री रामचन्द्र साह | वडा नं. ३ | |

विनय कुमार यादव
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १७ | वडा अध्यक्ष | श्री राज कुमार ठाकुर | वडा नं. ४ | |
| १८ | महिला सदस्य | श्री रेणु देवी साह | वडा नं. ४ | |
| १९ | द.म.सदस्य | श्री फुलगेन देवी | वडा नं. ४ | |
| २० | सदस्य | श्री रामचन्द्र मुखिया | वडा नं. ४ | |
| २१ | सदस्य | श्री राज किशोर साह | वडा नं. ४ | |
| २२ | वडा अध्यक्ष | श्री राम नारायण मुखिया | वडा नं. ५ | |
| २३ | महिला सदस्य | श्री राज कुमारी देवी | वडा नं. ५ | |
| २४ | द.म.सदस्य | श्री तेतरी देवी राम | वडा नं. ५ | |
| २५ | सदस्य | श्री नवीनचन्द्र झा | वडा नं. ५ | |
| २६ | सदस्य | श्री रामबृक्ष मुखिया | वडा नं. ५ | |
| २७ | वडा अध्यक्ष | श्री ललित साह तेली | वडा नं. ६ | |
| २८ | महिला सदस्य | श्री असमा खातुन | वडा नं. ६ | |
| २९ | द.म.सदस्य | श्री सुकासो कुमारी दास | वडा नं. ६ | |
| ३० | सदस्य | श्री निर्धन मण्डल धानुक | वडा नं. ६ | |
| ३१ | सदस्य | श्री प्रकाश देवी मण्डल | वडा नं. ६ | |
| ३२ | वडा अध्यक्ष | श्री सुर्य नारायण साह | वडा नं. ७ | |
| ३३ | महिला सदस्य | श्री सुकुल देवी यादव | वडा नं. ७ | |
| ३४ | द.म.सदस्य | श्री अनिता देवी | वडा नं. ७ | |
| ३५ | सदस्य | श्री शिवचन्द्र यादव | वडा नं. ७ | |
| ३६ | वडा अध्यक्ष | श्री संजय कुमार राउत | वडा नं. ८ | |
| ३७ | महिला सदस्य | श्री नगिना कुमारी पासमान | वडा नं. ८ | |

विनय कुमार यादव
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ३८ | द.म.सदस्य | श्री मर्नि देवी | वडा नं. ८ | |
| ३९ | सदस्य | श्री लक्ष्मण यादव | वडा नं. ८ | |
| ४० | सदस्य | श्री रामबृक्ष दास | वडा नं. ८ | राम बृक्ष |
| ४१ | वडा अध्यक्ष | श्री राम प्रमोद राउत | वडा नं. ९ | |
| ४२ | महिला सदस्य | श्री सुदिना देवी | वडा नं. ९ | |
| ४३ | द.म.सदस्य | श्री गीता देवी महरा | वडा नं. ९ | |
| ४४ | सदस्य | श्री जय कुमार राउत | वडा नं. ९ | |
| ४५ | सदस्य | श्री रामबाबु राउत | वडा नं. ९ | |
| ४६ | अल्पसंख्यक सदस्य | श्री अमिरी लाल राउत | नगर कार्यपालिका | |
| ४७ | अल्पसंख्यक सदस्य | श्री रामदुलार मुखिया | नगर कार्यपालिका | |
| ४८ | अल्पसंख्यक सदस्य | श्री धर्मेन्द्र प्रसाद गुप्ता | नगर कार्यपालिका | |
| ४९ | प्रमुख प्रशासकीय अधिकृत | श्री रामगुलाम लाल कर्ण | नगर कार्यपालिका | |

विनय कुमार यादव
नगर प्रमुख

निर्णय नं.१ : नगराईन नगरपालिकाको आ.व.२०८१/०८२ को वजेट, विनियोजन विधेयक २०८१ तथा नीतिगत निर्णयहरु अनुमोदनका लागी प्रस्तुत देहाय बमोजिमको वार्षिक वजेट, विनियोजन विधेयक २०८१ तथा नीतिगत निर्णयहरु विस्तृत छलफल, अध्ययन, विशलेषण गर्दा आ.ब.२०८१/०८२ को वजेट, विनियोजन विधेयक २०८१ तथा नीतिगत निर्णयहरु जनहित, समयसापेक्ष र विकासको अवधारणालाई मुर्तरुप दिन सक्ने, ऐन, नियमको परिधि भित्र रही अत्यन्त सान्दर्भिक रहेको ठहर गरी स्वीकृति प्रदान गरी आवश्यक कार्यार्थ अनुमोदन गरियो ।

आ.ब.२०८१/०८२ को बार्षिक आय-व्यय विवरण -
आय व्यय विवरण फाइनल

| क्र.स. | आय शिर्षक विवरण | रकम | क्र.स. | व्यय शिर्षक विवरण | विनियोजित रकम |
|---|---|---|---|---|---|
| १ | संघिय सरकार वितिय समानीकरण अनुदान | ११४३००००० | १ | संघीय सरकार सशर्त अनुदान | २५६८५९५०० |
| २ | संघीय सरकार सशर्त अनुदान | २५६८५९५०० | २ | संघीय सरकार सम्पुरक अनुदान | ० |
| ३ | संघीय सरकार सम्पुरक अनुदान | ० | ३ | संघिय सरकार विशेष अनुदान | १२०००००० |
| ४ | संघिय सरकार विशेष अनुदान | १२०००००० | ४ | प्रदेश सरकार सशर्त अनुदान | ५०००००० |
| ५ | संघिय सरकार राजस्व बाँडफाँट | ९४१००००० | ५ | प्रदेश सरकार सम्पुरक अनुदान पुँजीगत | २०००००० |
| ६ | प्रदेश सरकार वितिय समानीकरण अनुदान | ८२९९००० | ६ | प्रदेश सरकार विशेष अनुदान चालु | ३०००००० |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | ५०००००० | ७ | नगर स्तरीय कार्य संचालन तथा प्रशासनिक खर्च | ९५१००००० |
| ८ | प्रदेश सरकार सम्पुरक अनुदान पुँजीगत | २०००००० | ८ | वडा स्तरीय कार्य संचालन तथा प्रशासनिक खर्च | ४५००००० |
| ९ | प्रदेश सरकार विशेष अनुदान चालु | ३०००००० | ९ | नगरस्तरीय प्रबर्द्धनात्मक कार्यक्रम | ० |
| १० | प्रदेश सरकार राजस्व बाँडफाँट | ६००२५२१ | १० | विपद व्यबस्थापन कोष | ० |
| ११ | आन्तरिक श्रोत | १४७७०००० | ११ | शिक्षा शाखा | ० |
| १२ | गत बर्षको नगद मौज्दात | १२०००००० | १२ | स्वास्थ्य शाखा | ० |
| १३ | | | १३ | पशु शाखा | ० |
| | | | १४ | महिला तथा बालबालिका शाखा | ० |
| | | | १५ | न्यायिक समिति | ० |
| | | | १६ | कृषि शाखा | ० |
| | | | १७ | सामाजिक सुरक्षा तथा पंजीकरण शाखा | ० |
| | | | १८ | प्रधानमन्त्री स्वय रोजगार शाखा | ० |
| | | | १९ | बहुक्षेत्रीय पोषण कार्यक्रम शाखा | ० |
| | | | २० | योजना शाखा | ० |
| | | | २१ | खानेपानी तथा सरसफाई फोहरमैला | ० |

विनय कुमार यादव
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २१ | खानेपानी तथा सरसफाई फोहरमैला ब्यबस्थापन शाखा | ० |
| | | | २२ | सुचना तथा प्रबिधि शाखा | ० |
| | | | २३ | लघु उद्यम विकासशाखा | ० |
| | | | २४ | राजश्व शाखा | ० |
| | | | २५ | आर्थिक सहयोग | ० |
| | | | २६ | सुरक्षाकर्मी ब्यबस्थापन( जनपत तथा सस्त्र बिभिन्न सहयोग) | ० |
| | | | २७ | जनप्रतिनिधि औषधि उपचार | ० |
| | | | २८ | म स्वा स्वम से भत्ता | १०५६००० |
| | | | २९ | पालिका शिक्षक कर्मचारीको तलब | ४५००००० |
| | | | ३० | बा. बि. शिक्षिका कर्मचारी तलब | ३८००००० |
| | | | ३१ | आगो निभाउने यन्त्र खरिद | ० |
| | | | ३२ | क्रिकेट मैदान निर्माण जटही | ० |
| | | | ३३ | कार्यपालिकाको प्रशासकीय भवन | ० |
| | | | ३४ | नगर / वडा स्तरीय अन्य योजना तथा कार्यक्रम संचालन गर्न पछी बाँडफाँट हुने रकम ( अबंडा रकम ) | २४९५१५५२१ |
| | | | ३४.१ | वार्ड न १ | ० |
| | | | ३४.२ | वार्ड न २ | ० |
| | | | ३४.३ | वार्ड न ३ | ० |
| | | | ३४.४ | वार्ड न ४ | ० |
| | | | ३४.५ | वार्ड न ५ | ० |
| | | | ३४.६ | वार्ड न ६ | ० |
| | | | ३४.७ | वार्ड न ७ | ० |
| | | | ३४.८ | वार्ड न ८ | ० |
| | | | ३४.९ | वार्ड न ९ | ० |
| | | | ३५ | नगर स्तरीय योजना | ० |
| | | | ३६ | स्वागत गेट | ० |
| | | | ३७ | पुँजीगत परामर्स | ० |
| | | | ३८ | म्याचिंग फन्ड | ० |
| | | | ३९ | मर्मत सम्भार कोष | ० |
| | | | ४० | DPR | ० |
| | | | ४१ | सेप्टी टंकी तथा ट्रेक्टर खरिद | ० |
| | | | ४२ | पुरानो टावर लाइट मर्मत सम्भार वार्ड न १-९ सम्म | ० |

विनय कुमार यादव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४३ | वार्ड न ९ को मटकोरबा तथा बज्बा पोखरीको जिर्णोधार तथा मर्मत सम्भार | ० |
| | | | ४४ | मानव सेवा आश्रम आर्थिक सहयोग | ० |
| | | | ४५ | नगर स्तरीय खेलकुद प्रतियोगिता तथा खेलकुद सामग्री वितरण | ० |
| | | | ४६ | वार्ड न ८को जग्गा खरिद | ० |
| | | | ४७ | पुरानो भुक्तानी सडक बत्ती | ० |
| | | | ४८ | किसानहरुको लागि कृषि बिधुतिकरण | ० |
| | | | ४९ | १५ शैया अस्पतालको निर्माण | ० |
| | जम्मा | ६३६३३१०२१ | | जम्मा व्यय | ६३६३३१०२१ |

**आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यका लागि नगराईन नगरपालिकाको संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१**

**प्रस्तावना :** आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुका लागि नगराईन नगरपालिका, धनुषाको संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम नगराईन नगरपालिका धनुषाको नगर सभाले यो विधेयक बनाएको छ|

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम नगराईन नगरपालिकाको विनियोजन विधेयक,२०८१ रहेको छ|

(२) यो विधेयक २०८१ श्रावण १ गते बाट प्रारम्भ हुनेछ|

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :** आर्थिक वर्ष २०८१/०८२ मा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित बजेट उपशीर्षकहरुको रकम रु ६३,६३,३१,०२१/-( अक्षरेपी तिरसठ करोड तिरसठ लाख एकतिस हजार एकाइस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ|

३. **विनियोजन :** (१) यस विधेयकद्वारा संचित कोषबाट खर्च गर्न दिएको अधिकार आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगराईन नगरपालिका धनुषाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्ट भए बमोजिमका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ|

(२) उपदफा (१) बमोजिमको सेवा र कार्यका निमित्त विनियोजन गरेको रकम मध्ये कुनै खर्च शिर्षकमा बचत हुने र कुनै खर्च शिर्षकमा अपुग हुन गएमा नगर कार्यपालिकाले बचत हुने खर्च शिर्षकबाट अपुग हुने खर्च शिर्षकमा रकम सार्न सक्नेछ|

(३) उपदफा २ बमोजिम रकम सार्दा अपुग हुने शिर्षकमा विनियोजन भएको रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी खर्च शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम कार्यपालिकाको स्वीकृतिले सार्न सक्नेछ|

विनय कुमार यादव
नगर प्रमुख

विनय कुमार यादव
नगर प्रमुख

## नगराईन नगरपालिका

### आ.व.२०८१/०८२ को नगरस्तरीय कार्य संचालन तथा प्रशासकीय खर्च विवरण :

| सि.नं | ब.ख.शि.नं. | खर्च शिर्षक | राजस्व बाँडफाड रु. | आन्तरिक रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | २१०००००० | | |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १२०००००० | | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ८००००० | | |
| ३ | २११२१ | पोशाक | ४००००० | | |
| ४ | २११२२ | खाधान्न | १०००००० | | |
| ५ | २११३२ | महगी भत्ता | २०००००० | | |
| ६ | २११३४ | कर्मचारीको बैठक भत्ता | २००००० | | |
| ७ | २११३९ | अन्य भत्ता | ५००००० | | |
| ८ | २११४२ | पदाधिकारीको अन्य सुविधा | १५००००० | | |
| ९ | २१२१४ | कर्मचारी कल्याण कोष | ५०००००० | | |
| १० | २२१११ | पानी तथा बिजुली | ७२००० | | |
| ११ | २२११२ | संचार महसुल | ० | | |
| १२ | २१२११ | ईन्धन (पदाधिकारी) | ४०००००० | | |
| १३ | २२११२ | ईन्धन कार्यालय प्रयोजन | १५००००० | | |
| १४ | २२२१३ | सावारी साधन मर्मत खर्च | १०००००० | | |
| १५ | २२२१४ | वीमा तथा नवीकरण | १०००००० | | |
| १६ | २२२२१ | मेशनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | १५००००० | | |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १००००० | | |
| १८ | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००००० | | |
| १९ | २२३१४ | ईन्धन अन्य प्रयोजन | ३०००००० | | |
| २० | २२३१५ | पत्र-पत्रिका, छपाई तथा सुचना प्रकाशन | १०००००० | | |
| २१ | २२४११ | सेवा र परामर्श खर्च | १५००००० | | |
| २२ | २२४१२ | सुचना प्रणाली तथा सफटवेयर संचालन खर्च | १३२८९००० | | |
| २३ | २२४१३ | करार सेवा शुल्क | ५००००० | | |
| २४ | २२४१४ | सरसफाई सेवा शल्क | ५००००० | | |
| २५ | २२५२२ | कार्यक्रम खर्च | ० | | |
| २६ | २२५२९ | विविध कार्यक्रम खर्च | १५००००० | | |
| २७ | २२६११ | अनुगमन तथा मुल्याङ्कन खर्च | १००००० | | |
| २८ | २२६१२ | भ्रमण खर्च | १२००००० | | |
| २९ | २२६१३ | बिशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १५००००० | | |
| ३० | २२७११ | विविध खर्च | १०००००० | | |
| ३१ | २२७२१ | सभा संचालन खर्च | ५००००० | | |
| ३२ | २७२१९ | अन्य सामाजिक सहायता खर्च | २५००००० | | |
| ३३ | २८१४२ | घर भाडा | ५००००० | | |
| ३४ | २८१४३ | सावारी साधन तथा मेशनरी औजार भाडा | ३५०००० | | |
| ३५ | २८२११ | राजस्व फिर्ता | ७९८९००० | | |
| ३६ | २८९११ | भै-परि आउने चालु खर्च | ० | | |
| ३७ | ३११२१ | सावारी साधन | १५००००० | | |
| ३८ | ३११२२ | मेशनरी औजार | १५००००० | | |
| ३० | ३११२३ | फर्निचर तथा फिक्चर्स | ५००००० | | |
| ४० | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | | | |
| | | जम्मा | ९,४१,००००० | | |

विनय कुमार यादव
नगर प्रमुख

विनय कुमार यादव
नगर प्रमुख

तर,

(क) पूँजीगत खर्च शिर्षकबाट चालु खर्च शिर्षकमा रकम सार्न सकिने छैन।

(ख) चालू खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शिर्षकमा रकम सार्न सकिनेछ।

(४) उपदफा ३ बमोजिम २५ प्रतिशत भन्दा बढी रकम कुनै एक शिर्षकबाट अर्को शिर्षकमा सार्नु पर्ने भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

(५) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा समावेश भएको कुनै खर्च शिर्षकमा एकमुष्ट समावेश भएको रकम खण्डिकरण गरि विभिन्न कार्यक्रम खर्च गर्नका लागि नगर कार्यपालिकाको स्वीकृति लिई सभाबाट अनुमोदन गर्नु पर्नेछ।

**(४) अख्तियारी :** यस विधेयक बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो विधेयक स्वीकृत भएको मितिले ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

**(५) बाधा अड्काउ फुकाउ :** यस विधेयकको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि आवश्यक व्यवस्था गर्न सकिनेछ।

निर्णय नं. २

नेपाल सरकारको निर्णय, नेपाल राष्ट्र बैंक तथा महालेखा नियन्त्रक कार्यालयको निर्देशन अनुसार स्थानिय तहमा खोलिएको स्थानीय तह सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम खोलिएका खाताहरुमा कारोबार भएको हुँदा सो निर्णयलाई अनुमोदन गरियो।

निर्णय नं. ३

यस नगरपालिकाको लागि अन्य निकायबाट लागत सहभागितामा संचालन हुने थप योजना उपलब्ध भएमा नगरपालिकाबाट समपुरक कोष (म्याचिग फण्ड) उपलब्ध गराई योजना कार्यान्वयन गर्ने निर्णय अनुमोदन गरियो।

निर्णय नं. ४

नगर क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्न आ.व. २०८१/०८२ लागि आवश्यक पर्ने नगर दररेट तयार नभएसम्म यस आ.व.का लागि जिल्ला समन्वय समितिले तयार गरेको जिल्ला दररेटलाई आधार मानी दररेट कायम गर्ने निर्णय अनुमोदन गरियो।

निर्णय नं. ५

नगराईन नगर क्षेत्रभित्र यस नगरपालिका अन्तर्गत पर्ने आम्दानीका स्रोतहरु जस्तोः पोखरी, बजार, र सरकारी, सार्वजनिक, ऐलानी, पर्ती जग्गा, खनिज स्रोतहरुको पहिचान र व्यवस्थापन गर्न एक समिति गठन आवश्यक कार्यार्थ गर्ने निर्णय अनुमोदन गरियो।

विनय कुमार यादव
नगर प्रमुख

नगराईन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगराईन, धनुषा
मधेश प्रदेश, नेपाल

विनय कुमार यादव
नगर प्रमुख

निर्णय नं. ६

सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाइका साथ कार्यान्वयन गरी नगर क्षेत्रका सडक पेटीमा निर्माण सामग्री राखे र छाडा चौपाया छोड्ने तथा बाँध्ने व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं ७

सार्वजनिक पैनीको डील, नहर, सडकक्षेत्र वा यस्तै प्रकारका सार्वजनिक/विद्यालय/गुठी/मठ/मन्दिर लगायत सार्वजनिक संघ/संस्थाको जग्गा मिची बनाईएका संरचनाहरु प्रचलित कानुन बमोजिम भत्काउने/भत्काउन लगाउने तथा निर्माण रोक लगाउने निर्णय अनुमोदन गरियो|

निर्णय नं. ८

सार्वजनिक निर्माण कार्यमा योजनाको फरफारक गर्दा रु. १०,००,०००/- भन्दा बढीको PCC तथा RCC निर्माण कार्यको भुक्तानीमा प्रयोगशाला प्रतिवेदन अनिवार्य संलग्न गरी फरफारक कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नगरपालिकामा न्यायिक समिति लगायत विभिन्न मुद्दा,पैरवी एवं अन्य कानुनी परामर्शको लागि सेवा करारमा समझौता गरी एक जना कानुनी परामर्शदाता नियुक्ति गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १०

नगराईन नगरपालिकाको बिनियोजन ऐन, २०८१ लाई कार्यान्वयन गर्ने सन्दर्भमा भएका गरेका सम्पूर्ण (शिर्षकान्तर भई रकमान्तर भएका समेतका) खर्चहरु अनुमोदन गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ११

नगराईन नगरपालिकाबाट संचालित पूर्वाधार निर्माण तर्फ उपभोक्ता समितिबाट संचालन हुने योजनामा कुल लागतको कम्तिमा १०(दश) प्रतिशत जनश्रमदान बराबर जनश्रमदान सहभागिताबाट कट्टा हुने गरी योजना कार्यान्वयन गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १२ नगराईन नगरपालिकामा चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रममा रहेर नगर कार्यपालिका, नगर प्रमुख, प्रशासकीय अधिकृत तथा वडा कार्यालयहरुबाट गरिएका पूँजीगत, चालु र विपद व्यवस्थापन तर्फका कार्यक्रम तथा योजनाहरुमा भएको खर्च तथा नगरकार्यपालिकाको हालसम्मको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ नगराईन नगरपालिकाको व्यवस्थित कार्य संचालनको लागि आधारभूत रुपमा तयार पार्नुपर्ने कानुनहरु ( ऐन, नियम, कार्यविधि ) को थप पहिचान गरी विज्ञ समेतको सहयोगमा तर्जुमा कार्य गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १५

नगराईन नगरपालिकाबाट संचालन गरिने सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला (क्षमता विकास तथा प्रवर्द्धनात्मक सम्बन्धी कार्यक्रम) संचालन सम्बन्धी खर्चको मापदण्ड तथा भ्रमण खर्च नेपाल सरकार, अर्थ मन्त्रालयको

विनय कुमार यादव
नगर प्रमुख

स्वीकृत निर्देशिका तथा प्रदेश सरकारको निर्णय तथा स्वीकृत मापदण्डलाई आधार लिई खर्च गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १६

आगामी आ.व.२०८१/०८२ मा वडा स्तर तथा नगर स्तरबाट संचालित सार्वजनिक निर्माणका तोकिएको योजना तथा कार्यक्रमहरुमा स्वीकृत बजेट सिमाभित्र नियमानुसार लागत अनुमानको ३ (तिन) प्रतिशत योजना व्यवस्थापन कन्टिजेन्सी खर्च कट्टी र नेपाल सरकार, प्रदेश सरकार तथा यस नगर कार्यपालिकाले तोकेको कर, शुल्क र दस्तुर नियमानुसार कट्टा गरी तोकिएको खातामा दाखिला गर्ने गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १७

यस नगरपालिका अन्तर्गत नगरपालिका स्थापना हुनु पुर्व निर्माण भएको पुराना घरहरुलाई नियमित गरी नगरपालिकाको अभिलेखमा ल्याउने सम्बन्धमा सूचना प्रकाशन गरी पुराना घरहरुलाई नियमित गरी अभिलेखीकरण गर्ने गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १८

नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी, पर्ती जग्गा तथा चल अचल सम्पतिहरुलाई संरक्षण गर्ने उद्देश्यले अतिक्रमण भएका त्यस्ता सम्पत्तिहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक पहल कदमी गर्ने निर्णय गरियो साथै नगराईन नगरपालिकाभित्र रहेका सम्पूर्ण सरकारी सार्वजनिक र ऐलानी जग्गाहरुको तथ्यांक संकलन गरी सो जग्गाहरु नापजांच गरी छुट्याउने निर्णय अनुमोदन गरियो

निर्णय नं. १९

महिलाले आफ्नो नाममा नगरपालिकामा प्रचलित कानुन बमोजिम दर्ता गर्ने उद्योग व्यापार र व्यवसायमा २५ प्रतिशत छुट दिने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. २०

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रहि नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. २१

प्रचलित ऐन/नियम तथा निर्देशिका बमोजिम नगरपलिकाको आन्तरिक लेखापरिक्षण नगरपालिकाको लेखापरीक्षण शाखाबाट गराउनु पर्ने भएको हुदाँ हाल सो शाखा स्थापना नभएको कारणले आ.व.२०८१/०८२ को सम्पुर्ण आर्थिक कारोबारहरुको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाबाट गराउने निर्णय अनुमोदन गरियो

निर्णय नं. २२

यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको कार्यभार तथा कार्यसम्पादनलाई मध्यनजर गरी मासिक ३/३ हजार का दरले र सूचना अधिकारीको लागि रु. १००० का दरले संचार सुविधा उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

विनय कुमार यादव
नगर प्रमुख

निर्णय नं. २३

PLGSP कार्यक्रम अन्तर्गत कार्यरत सूचना प्रविधि अधिकृतको उल्लेखित कार्यक्रमबाट ६३% रकम प्राप्त भइरहेको र नपुग रकम सम्बन्धित स्थानीय तहबाट विनियोजन हुँदै आएको, एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत नियुक्त भएका पशु सेवा तर्फका प्राविधिकका लागि तलबको आधा रकम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट व्यवस्थापन हुने र बाँकी आधा रकम सम्बन्धित स्थानीय तहबाट विनियोजन हुँदै आएको यसै गरि व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नियुक्त भएका एम.आई.एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिकको आधा रकम राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभागबाट व्यवस्था हुने र आधा रकम सम्बन्धित स्थानीय तहबाट विनियोजन हुँदै आएकोमा आ.व. २०८१/०८२ मा पनि सो बमोजिम हुने गरि सम्बन्धित कार्यक्रमहरुका कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापन हुने गरि निर्णय अनुमोदन गरियो ।

निर्णय नं.२४

योजना संचालनबाट कट्टा/जम्मा हुन आएको कन्टेनजेन्सी रकमलाई कर्मचारी व्यवस्थापन, अनुगमन, फिल्ड भत्ता, बैठक, लजष्टिक सामग्री खरिद लगायत शिर्षकमा स्वीकृत नर्मस अनुसार खर्च गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं.२५

आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट निर्माण गरी नगर सभा सम्पन्न गर्न खटिएका स्थायी कर्मचारीहरुलाई नगर सभाको कार्यतालिका प्रकाशित भएको मिति देखि नगर सभा सम्पन्न भएको मितिले कम्तीमा ७ दिनसम्मको लागि कर्मचारीले खाईपाई आएको तलबको शत प्रतिशत रकम उपलब्ध गराउने र करार तथा ज्यालादारी कर्मचारीहरुलाई नर्म्श अनुसारको खाना तथा खाजा खर्च उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. २६

महालेखा परीक्षकको कार्यालयबाट नगराईन नगरपालिका कार्यालयको आ.व.२०७९/०८० को विनियोजन, राजस्व धरौटी र अन्य कारोवारको लेखा परिक्षण गरिदिएको लेखा परिक्षणको प्रतिवेदन छलफल हुँदा प्रतिवेदनका सुझावहरुलाई लागु गर्ने, असुल उपर गर्ने बेरुजु र कागजात तथा प्रमाण पेश गरी फछ्र्यौट गर्ने बेरुजुका सम्बन्धमा सम्बन्धितहरुलाई पत्राचार गर्ने, प्रमाण जुटाई बेरुजु सम्परीक्षण गर्ने कार्य तथा कैफियतका विषयहरुलाई क्रमशः सुधार सहित तदारुकताका साथ कार्य गर्न उच्च प्राथमिकताका साथ कारवाही प्रक्रिया अगाडि बढाउने र नगरपालिकालाई बेरुजु सुन्य कायम गरी वित्तीय सुशासन भएको नगरपालिका गराउन नगरपालिका पदाधिकारी लगायत सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. २७

यस नगर सभाबाट कर, दस्तुर, शुल्क र अन्य राजस्वको दर कायम गर्न छुट भएको विषयको हकमा नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकाबाट दर तोकी लागु गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय अनुमोदन गरियो ।

विनय कुमार यादव
नगर प्रमुख

निर्णय नं. २८

वडा/नगर स्तरीय योजनाहरु फछ्यौंट हुन अघि कामको मूल्यांकन गरी सिफारिसको आधारमा नियमानुसार फछ्यौंट गर्न तथा योजना तथा कार्यक्रमको भुक्तानी गर्नु पर्दा पेश भएको प्राविधिक विलमा चित नबुझेमा वा शंका लागेमा वा प्राविधिक विज्ञ प्राप्त नभएमा कन्सल्टेन्सीबाट प्राविधिक झिकाई मूल्यांकन गरी सो बराबरको रकम नियमानुसार भुक्तानी दिई फछ्यौंट गर्न निर्णय अनुमोदन गरियो

निर्णय नं. २९

कुनै प्रकारको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन परेमा रु.१००००/- सम्म नगर प्रमुखले र सो भन्दा बढीको आर्थिक सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम गर्ने गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३०

नगरपालिकाले आवश्यकता ठानी कुनै जनप्रतिनिधि वा कर्मचारिलाई काज स्वीकृत गरी नगरभित्र खटाईएमा त्यस्ता जनप्रतिनिधि वा कर्मचारीहरुलाई यातायात र खाजा खर्च वापत रु. ५००(रु. पाँच सय) दैनिक उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३१

नगरपालिका भित्र पक्की संरचना निर्माण गर्नु पर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्सापास गराएर मात्र निर्माण गर्नु पर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं.३२

नगरको सार्वजनिक पूर्वाधार निर्माण कार्यको लागि सम्भाव्यता अध्ययन, गुरु योजना, सर्भे डिजाइन, DPR प्रतिवेदन तयार तथा विज्ञ परामर्शदाता मार्फत परामर्श सेवा लिनु पर्दा नगर प्रमुख ज्यूको निर्णयानुसार गर्नु पर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं.३३

नगर सभामा स्वीकृत भएका नगर स्तरीय तथा वडा स्तरीय योजना/कार्यक्रमहरु कुनै विशेष कारणवश संचालन हुन नसक्ने भएमा नगर कार्यपालिकाले उक्त योजना/कार्यक्रमहरु संसोधन परिमार्जन तथा रकमान्तर गरी योजना/कार्यक्रम संचालन गर्ने/गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३४

नगर कार्यपालिकामा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने हुँदा छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा त्यस प्रकारको खर्च नगर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३५

सामुदायिक विद्यालयहरुको संचालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्चहरु स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाबाट व्यवस्थापन भइरहेको अवस्थामा सार्वजनिक विद्यालयहरुले आ-आफ्नो नाममा रहेको पोखरी तथा हाट बजारहरुविद्यालय आफैंले ठेक्का लगाई ठेक्का वापत प्राप्त रकम पनि नगरको कोष खाता भन्दा बाहिर रहेको

विनय कुमार यादव
नगर प्रमुख

विनय कुमार यादव

हुँदा संचित कोषमा उक्त रकम ल्याई सो रकमको निश्चित प्रतिशतले हुने रकम उक्त विद्यालयकै योजना कार्यक्रम तथा सम्बन्धित वडाको विकास र समृद्धिमा योजना कार्यक्रम बनाई कार्यपालिकाले निर्णय गरे बमोजिम खर्च गर्न पाउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३६

नगर कार्यपालिकाको कार्यालय नगराईन धनुषाको नाउमा दर्ता रही कार्यालयका पदाधिकारी/कर्मचारीहरुको प्रयोगमा रहेको सवारी साधनको इन्धन खर्चलाई मितव्ययी बनाउन अब उपरान्त मासिक क्रमशः नगर प्रमुखलाई २०० लि.डिजल, १५ लि.पेट्रोल, उप प्रमुखलाई (सवारी साधनको सुबिधा कार्यालयबाट लिएमा ) १२५ लि. डिजल, १० लि. पेट्रोल, प्रमुख प्रशासकीय अधिकृतलाई १५० लि. डिजल, १५ लि. पेट्रोल, लेखा अधिकृतलाई २० लि. पेट्रोल र अन्य सबै प्रति कर्मचारी ७ लि. पेट्रोल (सवारी चालक अनुमति पत्र भएका लाई मात्र) तथा कार्यबोझको आवश्यकता बमोजिम पदाधिकारीको हकमा नगर प्रमुख र कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतले इन्धन उपलब्ध गराउने निर्णय अनुमोदन गरियो ।

निर्णय नं. ३७

निम्न व्यक्ति र निजको परिवार वा संस्थालाई जन्म दर्ता र नागरिकता सिफारिश वाहेक नगरपालिकाबाट उपलब्ध गराउने सम्पूर्ण सेवा सुविधाबाट वंचित गर्ने निर्णय अनुमोदन गरियो

क) विगतमा साविक गा.स.वि. र यस नगर कर्यापलिकाबाट ठेक्का पट्टा लिई नियमानुसार तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको व्यक्ति वा संस्था

ख) नियमानुसार नगरपालिकालाई बुझाउनुपर्ने कर,महसुल आदि नबुझाई वक्यौता राख्ने व्यक्ति वा संस्था

ग) नगरपालिकाबाट पेश्की लिई फछ्यौंट नगरेका व्यक्ति वा संस्था

घ) नगरपालिकाबाट सरसफाई परिचय पत्र नलिएको व्यक्ति वा संस्था

निर्णय नं. ३८

नगर क्षेत्र भित्रका सडक, सार्वजनिक जग्गा भवन आदि अतिक्रमण गर्ने,मिच्ने प्रवृतिका कारणले सार्वजनिक आवत जावत र सार्वजनिक कार्य गर्न कठिनाई हुनुका साथै नगरको सौन्दर्यतामा समेत प्रतिकुल असर परि रहेको यथार्थतालाई मनन गरी निम्न अनुसार गर्न कार्यपालिकालाइ निर्देशन गर्ने निर्णय गरियो

क) नगरक्षेत्रको सडक,सार्वजनिक जग्गा अतिक्रमण गरेकोलाई हटाई त्यस्ता जग्गाहरुको संरक्षणको विशेष व्यवस्था गर्ने

ख) ऐलानी ,पर्ती जग्गाको लागत तयार गरी संरक्षण गर्ने र नगरपालिकाबाट त्यस्ता जग्गालाई सार्वजनिक प्रयोगमा ल्याउने ।

ग) सडकको अधिकार क्षेत्र तोकी त्यसको पालना गराउने ।

घ) सार्वजनिक स्थलहरुको लागत तयार गरि संरक्षणको विशेष व्यवस्था मिलाउने ।

ङ) नगरपालिका क्षेत्रको मठ,मन्दिर ,मस्जिद आदि धार्मिक ,साँस्कृतिक ,ऐतिहासिक महत्वको सम्पति विवरण तयार गरि त्यस्तो सम्पतिको दुरुपयोगहुनुबाट रोक्ने त्यसका संचालक समितिहरुको समय सापेक्ष गठन तथा पुनर्गठ ।न गर्ने ।

विनय कुमार यादव
नगर प्रमुख

निर्णय नं. ३९

नगराईन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा संचालन भएका योजना कार्यक्रमहरुको कार्य सम्पन्न भइ भुक्तानीका लागि पेश भएकोमा भुक्तानी हुन बाँकी रहेको विवरणमा उल्लेखित व्यक्ति, निकाय तथा संस्थाको भुक्तानी हुन निर्णयअनुमोदन गरियो ।

**निर्णय नं.४०**

नगराईन नगरपापलका, नगर कार्यपालिकाको कार्यालय नगराईनले तयार गरेको ऐन, नियम, कार्यविधि, निर्देशिका र नियमावलीहरु यथार्थ रहेको ठहर गरी अनुमोदनका नगर सभामा पेश भएका निर्णयअनुमोदन गरियो ।

**निर्णय नं.४१ :** नगराईन नगरपालिकाको आ.व. २०८१/०८२ कोविनियोजित रकमबाट नगराईन नगरपालिकाको मातहतमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको तलव भता तथा अन्य सुविधा बाहेकका रकम शसर्त तथा समानिकरण तर्फको नगर/वडा स्तरीय तथा अन्य योजना तथा कार्यकमहरु नगर कार्यपालिकाको बैठकबाट स्वीकृती भए पश्चात वजेट खर्च तथा योजना /कार्यकम संचालन गर्ने निर्णयगरियो ।

निर्णय नं.४२ :

नगराईन नगरपालिकाको आ.व. २०८०/०८१ मा संचालनमा रहेको नगर कार्यपालिकाको प्रशासनिक भवन र १५ शैया अस्पताल भवनको निर्माण कार्य हाललाई स्थगीत गरी भए गरेको निर्माण कार्यको रकम, र नगराईन नगरपालिकाको आ.व. २०८०/०८१ मा संचालन भई कार्य सम्पन्न भएका सडकवति योजना को रकम समेत नगर कार्यपालिकाको बैठकको निर्णय भए बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

विनय कुमार यादव
नगर प्रमुख